कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी विकास निर्देशनालय
पशु अस्पताल तथा पशु सेवा कार्यालय,
जाजरकोट ।

jktlhiso.2076@gmail.com

## सूचना ! सूचना !! सुचना !!!

पशुपन्छी रोग अन्वेषण प्रयोगशाला वीरेन्द्रनगर, सुर्खेतको मिति २०७९/०८/२९, च. नं. १७१ को प्राप्त पत्र साथै केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरको रिपोर्टअनुसार नलगाड नगरपालिका वडा नं. ७ दल्लीमा संचालित मनकुमारी कामीको बंगुर फार्मबाट मिति २०७९/०८/२१ गते मरेको बंगुरको पोष्टमार्टम गर्दा African Swine Fever शंकास्पद गरी पठाएको बंगुरको नमुना केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा Real Time-PCR विधिबाट परीक्षण गर्दा African Swine Fever Positive देखिएको रिपोर्ट प्राप्त भएको हुदाँ नलगाड नगरपालिकाभित्र पालिएका बंगुरहरु यथास्थानबाट अन्यत्र कहिँ कतै आफू खुसि ओसारपसार नगर्न नगराउन हुन, बंगुरपालक कृषकहरु सजग रही फार्ममा जैविक सुरक्षा (Biosecurity) अपनाउनहुन र जिल्लाको अन्य क्षेत्रमा बंगुरहरु ओसारपसार गर्नुपरेमा पशु अस्पताल तथा पशु सेवा कार्यालय जाजरकोटमा सम्पर्क गरी आफ्नो बंगुरहरुलाई पशु चिकित्सकद्वारा चेकजाँच गराई भेटेरिनरी प्रमाणपत्र लिएर मात्र ओसारपसार गर्नु गराउनु हुन साथै रोग फैलिन नदिई रोग नियन्त्रण कार्यमा सहजीकरण गरिदिनुहुनका लागि अनुरोध छ ।

पुनश्च: African Swine Fever रोगको उपचार नभएको र हालसम्म यस रोगविरुद्धको Vaccine नबनेको हुदाँ बंगुरपालक कृषकहरुले जैविक सुरक्षाका विधिहरु अपनाई आ-आफ्ना बंगुरहरुलाई यो रोग लाग्नबाट जोगाई रोग फैलिन नदिन सहयोग गरिदिनुहुनका साथै थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

०७९/९/८

कलम बहादुर महतारा
निमित्त कार्यालय प्रमुख

कलम बहादुर महतारा
नि. कार्यालय प्रमुख